# चंखेली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पिप्लाङ्ग, हुम्ला
## कर्णाली प्रदेश,नेपाल

## विषय : करारमा सेवा लिने सम्वन्धि सूचना
## (सूचना प्रकाशित मिति : २०७६।०४।०३ )

यस चंखेली गाउपालिका अन्तर्गत रहेका विद्यालयहरुमा आ.व ०७६/०७७ को लागि गाँउपालिकाको श्रोतबाट पारिश्रमिक उपलब्ध गराउने गरि तपशिल बमोजिमका शिक्षकहरु करार सेवामा पदपुर्ती गर्नु पर्ने भएकाले योग्यता प्राप्त ब्यक्तिहरुले आफ्ना प्रमाणपत्रका प्रतिलिपि सहित गाँउपालिका निर्धारण गरिएको फारम भरि तपशिलको मिति र स्थानमा परिक्षा संचालन गरिने हुँदा गाँउपालिका अन्तररगत शिक्षा शाखामा दरखास्त फारम भरि तपशिलको मितिमा पेस गर्नका लागि तपशिल अनुसारको विज्ञापन/सुचना प्रकासन गरिएको छ ।

**तपशिल**

| सि.न | तह | संख्या | विषय | | | | | | दस्तुर रु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | कम्प्युटर | |
| १ | वालबिकास | ६ | | | | | | | रु.५००। |
| २ | आधारभूत(१- ५) | १२ | | | | | | | रु ७००। |
| ३ | आधारभूत(६- ८) | २२ | १ | ८ | ९ | ० | ३ | १ | रु १०००। |
| ४ | माध्यमिक | २ | १ | १ | | | | | रु १५००। |

**१) विज्ञापन नं : ०७६/०७७/०१**

**२) परीक्षाको किसिम : लिखित तथा अन्तरवार्ता**

**३) शैक्षिक योग्यता :**

- बालविकास तहका लागि १० + २ वा सो सरह ।
- आधारभुत तह कक्षा १ देखि ५ १० +२ वा सो सरह ।
- आधारभुत तह कक्षा ६ देखि ८ सम्म सम्बन्धित विषयमा १० + २ वा सो सरह ।
- माध्यामिक तहका लागि सम्बन्धित तहमा स्नाकोत्तर वा सो सरह ।

४) **तलब :** नेपाल सरकारले प्रदान गरेको स्केल प्रदान गरिने ।

पुनश्च :

- दरखास्त फारम बुझाउने अन्तिम मितिले १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।
- दरखास्त फारम गाँउपालिकाबाट उपलब्ध गराईने छ ।
- कम्प्युटर बिषयको लागि अध्यापन अनुमतिपत्र आवश्यक पर्ने छैन ।
- बालविकास शिक्षक पदमा गाँउपालिका भित्रका ब्यक्तिहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने छन् ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

दरखास्त दिने मिति : २०७६/०४/१७ गते सम्म र
दोब्बर दस्तुर मिति : २०७६/०४/२२ गते सम्म ।

परिक्षा हुने :

मिति : २०७६/०४/३२ गते ।
समय : दिनको १ : ०० बजे ।
स्थान : रामशाहा आधारभुत विद्यालय पिप्लाङ्ग,हुम्ला ।

*दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :* उम्मेदवारको ब्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम बिभिन्न काउन्सिल वा परिषद वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै कागजातहरुको पछाडि उम्मेदवार स्वमंले हस्ताक्षर गरि प्रमाणित गर्ने ।

विष्णु बहादुर शाही
नि. प्रमुख प्रशासकीय अधिकृत